हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८०/०८१) बैठक नं.

आज मिति २०८० साल पौष १८ गते बुधवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको सत्ताइसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | कमल वहादुर कार्की | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८०।०९।१८ गते

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।

२. लक्ष्मीपुरको विद्यालयलाई जग्गा दिने सम्वन्धमा ।

३. तराई मधेश समृद्धी कार्यक्रमको लागि योजना छनौट सम्वन्धमा

४. लक्ष्मीनाथ विद्यालय चिताईनको रकम निकासा सम्वन्धमा ।

५. मुसहर महिला सशक्तिकरण संजाल ममितिको भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा ।

६. वडा नं. ७ को ईनार मर्मत सम्वन्धमा ।

७. स्वयम् सेवक शिक्षक सम्वन्धमा ।

८. योजना सम्झौता सम्वन्धमा ।

९. स्वास्थ्य शिविर संचालन सम्वन्धमा ।

१० योजना संशोधन सम्वन्धमा ।

११ सार्वजनिक जग्गा संरक्षण तथा नामसारी गर्ने सम्वन्धमा ।

१२. समपुरक कोष सम्वन्धमा ।

१३ आर्थिक सहायता सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ बस्ने श्री प्रेमहरि श्रेष्ठको नाममा रहेको कित्ता नं क्षेत्रफल जग्गा श्री सार्वजनिक माध्यमिक विद्यालय लक्ष्मीपुरले परापुर्व काल देखि भोग चलन गर्दै आईरहेकोमा अब आइन्दा उक्त स्कुलको नाममा नामसारी गरिदिने भएको हुँदा प्रक्रिया पुरा गरी विद्यालयको नाममा नामसारी प्रक्रिया अगाडी बढाउने ब्यवस्था मिलाई दिने तथा जग्गा दाता श्री प्रेमहरि श्रेष्ठलाई धन्यवाद दिँदै सम्मान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिकाको अगामी आ.व. २०८१।०८२ को लागि तराई मधेश समृद्धी कार्यक्रमबाट संचालन गर्न देहायका योजना छनौट गरी माग गर्ने निर्णय गरियो ।

देहायका योजना

| क्र.सं. | योजनाको नाम | योजनाको ठेगाना | तराई मधेश कार्यक्रमको ७० प्रतिशत रकम रु | नगरपालिकाको ३० प्रतिशत रकम रु | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण | हरिपुर १ जानकीनगर | ४०००००० | १२००००० | ५२००००० |

मिति २०८०।०९।१८ गते

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका यस नगरपालिका अन्तर्गतका श्री लक्ष्मीनाथ जनता आधारभूत विद्यालय हरिपुर - ७ चिताईनले च.नं. ०८ मिति २०८०/०८/१० गतेको पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको २ कोठे भवन निर्माण योजनाको सम्पूर्ण कार्य सम्पन्न भईसकेको हुँदा सो वापतको रकम फुकुवा गराइपाउँ भनि वि.व्य.स. को निर्णयसहित पेश गरेको निवेदन उपर कार्वाही हुँदा उक्त विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे पक्की भवन निर्माणको लागि स्वीकृत भएको रकम रु. २२,५०,०००।०० बाट र विद्यालयको लागत सहभागितामा २ कोठे भवन निर्माण गर्न रु.२९,२१,६८९।७४ बराबरको योजना मिति २०७९/१२/०९ मा भएको सम्झौता तथा लागत इस्टिमेट अनुसारको काम सम्पादनको क्रममा विद्यालयमा भौतिक निर्माणको कार्य प्रकृयामा नै रहेको र भौतिक निर्माण सम्पन्न हुने क्रममा वर्षातको कारण भइरहेको ढिलाइले गर्दा उक्त क्रियाकलापहरु यसै चालु आ.व. २०७९/०८० भित्र सम्पन्न गर्न प्राविधिक एवम् व्यवहारिक रुपमा पनि कठिनाइ हुने देखिएकोले यस कार्यालयको मिति २०८०/०३/२० गतेको प्रमुख स्तरीय निर्णय अनुसार यसै आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकेको अवस्थामा ती विद्यालयहरुलाई सोही प्रयोजनका लागि अगामी आर्थिक वर्षमा बजेट व्यवस्था नभएकोले लेखा परीक्षण,सामाजिक परीक्षण लगायतको कार्यहरुको लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बधित विद्यालयलाई निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखि कार्य प्रगतिका आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथासिघ्र गर्ने गराउने गरी विद्यालयहरुमा २ कोठे भवन निर्माणका लागि विनियोजन भएको रकम रु. २२,५०,०००।०० बाट विद्यालयहरुले नियमानुसार निकासा लिएको पहिलो किस्ता वापतको रकम रु. ६,७५,०००।०० कट्टा गरी बाँकी रहेको रकम रु. १५,७५,०००।०० विद्यालयमा पठाइ यस कार्यालयको च.नं. २८८०,मिति २०८०/०३/२१ गतेको पत्रबाट उक्त रकम रोक्का राखेको र विद्यालयले सम्झौताको अधिनमा रही गरेको कार्य प्रगतिको पहिलो रनिङ्ग विलको आधारमा कुल मूल्याङ्कित रकम रु. १६,२२,६९३।६६ बाट पहिलो किस्ता वापतको रकम रु. ६,७५,०००।०० कट्टा गरी बाँकी रहेको रकम रु.९,४७,६९३।६६ फुकुवा गराइ भुक्तानी लिइसकेकोमा हाल विद्यालयले सम्झौता बमोजिमको सम्पूर्ण कार्यहरु सम्पन्न गरी बाँकी रहेको रकम फुकुवाको लागि पेश गरेको च.नं. ०८ मिति २०८०/०८/१० गतेको निवेदन, वि.व्य.स.को मिति २०८०/०८/०५ गतेको निर्णय, वडा नं. ७ को वडा कार्यालयको च.नं.६६२ मिति २०८०/०८/१० गतेको सिफारिस, भौतिक निर्माणको फोटोहरु र प्राविधिक नापी तथा मूल्याङ्कन,कार्य स्वीकार सम्पन्न प्रतिवेदन,ठेक्का सम्बन्धि विल,वडा तथा नगर स्तरीय अनुगमन प्रतिवेदनको आधारमा कुल मूल्याङ्कित रकम रु. ६,२२,२५०।२० विद्यालयमा निकासाको लागि रोक्का रहेको रकम फुकुवा गरि उक्त २ कोठे भवन निर्माण योजनाको फर्छ्यौट गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को कार्यालयको प.सं. २०८०।०८१, च.नं. ५१७, मिति २०८०।०८।०६ गतेको सिफारिस पत्रानुसार यस नगरपालिकाको वडा नं. ८ मा मुसहर महिला सशक्तिकरण संजाल समिति हरिपुरलाई वडा नं. ८ हातिसारमा पिण्डेश्वर नाथ क्लवको दक्षिण र दलित सामुदायिक भवनको पूर्व तर्फको १ कठा जग्गामा कार्यालय स्थापनाको लागि सो खाली जग्गा नियमानुसार जग्गा निशुल्क भोग चलनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०८०।०९।१८ गते

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ कार्यालयको प.सं. २०८०।०८१, च.नं. ७२२, मिति २०८०।०८।२४ गतेको मर्मत निर्माण सिफारिस पत्रानुसार नगरपालिका वडा नं. ७ मा पर्ने पूर्व सिस्वा जाने बाटो, पश्चिम हरिपुर जाने बाटो, उत्तर चिताईन मन्दिर जाने बाटो र दक्षिण ढोंग टोल जाने बाटो मुख्य सडक ट्रान्सफरमर चौक निरको दक्षिणमा रहेको ईनारमा विभिन्न कार्यहरुमा पुजा पाठ समेत गरिरहनु पर्ने भएकोले सो ईनारको अवस्था जिर्ण भएको र दुर्घटना समेत हुन सक्ने सम्भावना रहेको हुँदा उक्त जिर्ण ईनारलाई मर्मत सम्भार गर्न यस नगरपालिका कार्यालयको प्राविधिक शाखाको लागत अनुमान अनुसार बमोजिम रकम रु. २०२८२७।५४ बाह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको पूँजिगत खर्च शिर्षकको पेज नं. ४९ मा सि.नं. २० मा कार्पालिकाको वैठकको निर्णयानुसार खर्च हुने रकमको खर्च शिर्षक ३११५९ मा रकम रु. ४६,५०,०००।०० विनियोजन भएको रकमबाट ईनार मर्मत सम्भार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा स्वीकृत दरबन्दी अनुसारका स्थायी, राहत शिक्षकहरुको संख्या न्यून रहेको र विद्यालयहरुमा विद्यार्थीको चाप अधिक मात्रामा रहेको छ । शिक्षा नियमावली २०५९ को अनुसूची १२ बमोजिमको न्युनतम शिक्षक दरबन्दी समेत यस पालिकामा प्रास नभइ विद्यालयमा नियमित रुपमा शिक्षण सिकाइ क्रियाकलाप सहज रुपमा सञ्चालनको वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्न यस नगर कार्यपालिकाको मिति २०७९ श्रावण ३० गतेको निर्णयबाट विद्यालयहरुमा स्वयम् सेवक शिक्षक दरबन्दी सृजना भई स्वयम सेवक शिक्षक कार्यविधि २०७६ (पहिलो संसोधन) को व्यवस्था बमोजिम नियमपूर्वक नियुक्त भई कामकाज गरिरहेका तथा निर्धारित दरबन्दीको परिधि भित्र रहि नियमपूर्वक नियुक्त भई कामकाज गर्दै आइरहेको र यस चालु आ.व. २०८०/०८१ को बाह्रौ नगरसभा २०८० द्वारा पारित नगर विकास योजनाको ब.उ.शी.. ८०२१९४०९१०१ सि.नं. २ को चालुगत खर्च शीर्षक नं. २१११९ मा रहेको स्वयम् सेवक शिक्षकहरुको निर्वाह खर्च शीर्षकमा निज शिक्षकहरुको लागि पारिश्रमिकको लागि रु. १,१८,५४,०००।०० विनियोजन भएको छ । यस न.पा. अन्तर्गतका श्री जनता मा.वि. फरहदवा ( हरिपुर-३) को लागि कोटा निर्धारण गरेको बालविकास- १, प्रा.वि.तह- १, नि.मा.वि. तह- ३ र मा.वि. तह- ५ गरी जम्मा १० जना मध्ये ४ जनाले राजिनामा दिएको हुँदा विद्यालयमा नियमित पठनपाठनमा समस्या परी विद्यार्थीहरुको दवाव परिरहेकोले यसथासिघ्र उक्त कोटा अनुसारको शिक्षक नियुक्तिको लागि विद्यालयले वि.व्य.स.को निर्णय सहितको च.नं. २९ मिति २०८०/०६/२९ गतेको पत्रबाट शिक्षक नियुक्तिको लागि अनुमती माग गरेको हुँदा स्वयम् सेवक शिक्षक कार्यविधि,२०७६ (पहिलो संसोधन) अनुसार शिक्षक नियुक्ति गरी विद्यालयको पठनपाठनमा सहजता ल्याउनका लागि अनुमति दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसारका योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने उद्देश्यले २०८० मंसिर २५ गते सम्म योजना तथा कार्यक्रमको सम्झौता गरी सक्ने भनी मिति २०८०।०८।२६ गतेको २६ औ नगर कार्यपालिकाको बैठकमा निर्णय भएकोमा हाल सम्म केही योजना तथा कार्यक्रम संचालन भएको बाहेक अन्य योजनाहरु संचालनको लागि सम्झौता हुन नआएको हुँदा समयमै कार्य सम्पन्न गर्ने उद्देश्यले अव २०८० पौष मसान्त सम् सम्झौता गरी सक्ने गरी सबै वडा तथा नगरपालिका कार्यालयबाट कार्य संचालन गर्ने निर्णय गरियो ।

मिति २०८०।०९।१८ गते

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका वडा नं ६ मा मस्तिष्क पक्षघात बालरोग विशेषज्ञ, स्पीच थेरापी र इ. इ. जी. सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालन गर्न हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकको पेज नं ४८ को सि नं ११८ मा विविध शिविर संचालन इन्टरन्ट खर्च शिर्षक २२७११ मा विनियोजन रकम १००००००।०० विनियोजन भएको रकम मध्ये रकम रु २०००००।०० को स्वास्थ्य शिविर संचालन गर्न स्वास्थ्य शाखाबाट पेश भएको प्रस्ताव अनुसार शिविर संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिकाको चालु आ व २०८०।०८१ को बाह्रौं नगर सभाबाट स्वीकृत देहायका योजनाहरु संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि नं | रेडबुक नं | योजनाको नाम | वडा नं | विनियोजित रकम रु | हाल संशोधन पछि कायम योजना |
|---|---|---|---|---|---|
| १ | १४ | जनता अधारभुत विद्यालयको प्रतिक्षालय देखि पश्चिम कुलो सम्म उतरपट्टी नाला निर्माण कार्य | २ | ३०००००।०० | जनता अधारभुत विद्यालयको प्रतिक्षालय देखि पश्चिम कुलो सम्म बाटो भन्दा दक्षिण पट्टी नाला निर्माण कार्य |
| २ | २६ | ओमशान्ती | ७ | ५००००० | वडा नं ७ मा रहेको अधुरो ब्रह्मकुमारी ओमशान्तीको भवन निर्माण कार्य रकम जम्मा रु ५०००००।०० |
| ३ | १६ | ओमशान्तीमा वाल कम्पाउण्ड निर्माण कार्य | ७ | ३००००० | वडा नं ७ मा रहेको अधुरो ब्रह्मकुमारी ओमशान्तीको भवन निर्माण कार्य रकम जम्मा रु ३०००००।०० |

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं २ अन्तर्गत रहेको हातिसारमा सार्वजनिक जग्गाहरुलाई संरक्षण गर्न तार जाली र वाउण्ड्री गर्ने र साथै यस नगरपालिका कार्यालयको नाममा जग्गा ल्याउने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिकाको आ व २०८०।०८१ को बाह्रौं नगरसभाको पेज नं ५७ मा सि नं. १ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपुरक अनुदानबाट वडा नं ५ मजुर्वा र झिम खोलामा पुल निर्माणमा खर्च शिर्षक नं ३११५१ मा रकम रु ८५,००,०००।०० विनियोजन भई आएकोले यस नगरपालिकाको आ व २०८०।०८१ को बाह्रौं नगरसभाको पुँजीगतको पेज नं ५० मा सि नं ४७ मा खर्च शिर्षक ३११५९ मा रकम रु १,५०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट समपुरक कोषको योजनाको लागि रु ८५,००,०००।०० गरी जम्मा रु १,७०,००,०००।०० को वडा नं ५ मजुर्वा र झिम

मिति २०८०।०९।१८ गते

खोलामा पुल निर्माण गर्न खुला ठेक्का प्रक्रियाबाट सार्वजनिक सूचना प्रकाशन गरी खरिद प्रक्रिया अगाडी बढाउँने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा आर्थिक सहायताको लागि पेश भएको निवेदनलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम बाहौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकको पेज नं. ४८ मा सि.नं. १२४ मा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षक २७२१२ मा रकम रु. ७०००००।०० विनियोजन भएको रकमबाट फणिन्द्र बहादुर खडकालाई रकम रु १००००।०० भुक्तानी गर्ने निर्णय गरियो ।